५ नगरपालिकालाई प्राप्त रकम तथा आन्तरीक आय

६ यस आ व को कार्यक्रम कार्यान्वयनबाट प्राप्त अनुभव

७ दिगो विकास लक्ष्य

७ स्थानीय विविधता विशिष्टता र नागरिकको आवश्यकता

९ नगरपालिकाको संस्थागत क्षमता

१० निर्वाचनको समयमा नागरिक समक्ष गरिएका घोषणा र प्रतिवद्धता

११ सरोकारवाला निकाय र व्यक्तीबाट प्राप्त सुझाव

**आदरणिय नगरसभाका सदस्य ज्यूहरु**

**अव म यस आ व २०७८/०७९ मा शारदा नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।**

## १ स्वास्थ्यतर्फ

१.१ गर्भवती, सुत्केरी र बालबालिकालाई पोषण झोला वितरण गरिनेछ।

१.२ सवै स्वास्थ्य संस्था/वडा कार्यालयहरुमा स्तनपान कक्ष र पोषण प्रदर्शनी कक्षको निर्माण गरिनेछ।

१.३ कोरोना भाइरस (Covid-19) का कारण उत्पन्न हुने स्वास्थ्य समस्यालाई सम्बोधन गर्न उच्च प्राथमिकता दिइनेछ।

१.४ सम्पुर्ण नगरवासी तथा गरिव, पिछडिएका र सिमान्तकृत वर्ग सम्म स्वास्थ्य पहुच अभिबृद्धि गरिने छ।

१.५ आकस्मिक स्वास्थ्य समस्यालाई रोकथाम र नियन्त्रण गर्न रणनीतिक कार्य गरिने छ।

१.६ १५ वटै वडाका महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई समयानुकूल केही सुविधाहरूमा वृद्धि गरिने छ।

५.९ अतिक्रमण गरिएका जग्गाहरूको उचित व्यवस्थापन गरिने छ ।

५.१० फोहरमैला व्यवस्थापन तथा बर्गिकरण क्षेत्र (Sanitary Land Fill site ) लाई व्यवस्थित गरिने छ ।

५.११ सरकारी, सार्वजनिक जग्गा लगत कट्टी नापजाँच गरी व्यवस्थापन गर्ने कार्यक्रम ल्याईने छ ।

५.१२ गैरकानुनी तरीकाले खोलिएका मानव जिवन तथा उपभोक्ता हित संग प्रत्यक्ष सरोकार राख्ने औषधी पसल ,माशु पसल, पशुपंछी  तथा विषादी वेचविखन गर्ने पसलहरूको अनुगमन नियमन गरिने छ ।

५.१३ बार्है महिना विभिन्न बस्तीहरूमा हरियाली छाउन डालेघाँस, फलफुलका विरूवाहरूको वृक्षरोपण कार्यमा जोड दिईने छ ।

५.१४ नगर भित्रका सवै बासिन्दाहरूले आ–आफ्नो जन्मदिनका दिन एक वटा विरूवा रोपण गरी नगरमा हरियाली प्रदान गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

## ६) खानेपानी तर्फ

६.१ नगरका सवै वडा क्षेत्र, र गाउँ सम्म सुलभ तरिकाले खानेपानीको सुविधा पुऱ्याउने कार्यलाई प्राथमिकता दिईनेछ ।

**६.२ १५ वटै वडामा खानेपानी आयोजनाको मर्मत सम्भारको व्यवस्थापन गरिने  छ ।**

## ७) सहकारी र उद्यमशिलतातर्फ

७.१ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत वेरोजगार युवा युवती तथा पिछडिएका समुदायमा सीप विकासका तालिमहरू आयोजना गरिने छ  ।

७.२ उद्यमशिलता प्रर्वद्धनका लागि प्रविधी हस्तान्तरण गरिने छ ।

७.३ अशल उद्यम अभ्यासको अनुसरणलाई जोड दिइनेछ ।

## **१०) लैंगिक समानता तथा समावेशीकरणतर्फ**

१०.१ जेष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ७५ बर्ष पुरा भएका जेष्ठ नागरिकलाई बर्षमा १ पटक रु. २०००।- का दरले चाडपर्व खर्च उपलब्ध गराईने छ ।

१०.२ समन्वयात्मक रुपमा वाल वचाउ कार्यक्रम,वालश्रम निषेध,वाल अधिकार तथा घरेलु हिंसा विरुद्धको कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१०.३ वडा तह सम्म लैगिक समानता र समाजिक समावेशीकरणको सहभागितात्मक विकास प्रक्रिया अवलम्बन गरिने छ ।

१०.४ महिला, बालबालिका, अपांग, पिछडिएको बर्ग, दलित, एकल, द्वन्द्वपीडितको सम्मान, प्रवर्द्धन र सशक्तिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

अन्त्यमा यस शारदा नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनमा सरोकार पक्षबाट सक्रिय सहयोग हुने विश्वास व्यक्त गर्दै सम्पुर्ण राजनीतिक दल, राष्ट्र सेवक, नीजिक्षेत्र बुद्धिजिवी, सञ्चारकर्मी सम्पुर्ण नगरवासी दाजुभाई तथा दिदिबहिनीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

**सुरेश अधिकारी**
**नगर प्रमुख**
**शारदा नगरपालिका सल्यान**
**२०७८ आषाढ १० गते**

